## मुक्तिनाथ दर्शन सेवा



दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

## पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २८६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक २३ गते आइतबार ❑ 9 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## आन्दोलनका क्रममा उद्योग व्यापारिक क्षेत्रमा गरिएको क्षति अस्वीकार्य: प्रधानमन्त्री कार्की

**रासस**
काठमाडौं, २२ कार्तिक

प्रधानमन्त्री सुशीला कार्कीले 'जेनजी' आन्दोलन पृष्ठभूमिमा राज्यविहीनताको फाइदा उठाउँदै केही उच्छृङ्खल समूहले उद्योग व्यापारिक क्षेत्रमा गरेको क्षति सरकारलाई अस्वीकार्य भएको बताउनुभएको छ।

नेपाल उद्योग वाणिज्य महासङ्घले शनिबार आयोजना गरेको 'राष्ट्रिय आर्थिक बहस २.०' लाई सम्बोधन गर्दै उहाँले उक्त क्षतिबाट मर्माहत भएको निजी क्षेत्रलाई तत्काल राहत दिँदै आत्मविश्वासको जगेर्ना गर्न सरकारले कुनै प्रयास बाँकी नराख्ने विश्वास दिलाउनुभयो।

कानुनको शासन स्थापित गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले निजी क्षेत्रलाई सुरक्षाको प्रत्याभूति दिन सम्पूर्ण शक्तिका साथ सरकार लागिपरेको बताउनुभयो। "घुसखोरी, पार्टीगत लेवी र कमिसनको सञ्जाल सह्य छैन, लोकतन्त्रका नाममा लुटतन्त्र हामीलाई स्वीकार्य छैन, इमानदार उद्यमीलाई प्रताडित गर्ने र नीतिगत चलखेल गर्नेहरू पोसिने अवस्था रहनुहुँदैन", जेनजी आन्दोलनको सन्देश स्पष्ट पार्दै उहाँले भन्नुभयो।

सुशासन कुनै पनि मुलुकको सामाजिक न्याय र आर्थिक वृद्धिको पूर्वसर्त भएको जनाउँदै प्रधानमन्त्री कार्कीले राजकीय सम्पत्तिमाथि राजनीतिक आवरणमा भएका लुट, निजी क्षेत्रमाथि लादिएका शङ्का र दोहनकारी सङ्कटपूर्ण प्रणालीप्रति सरकार सजग रहेको बताउनुभयो। "व्यवसायीका पिर, मर्का हाम्रै पिर, मर्का हुन्, उद्योगी व्यवसायीहरू केवल राज्यलाई कर मात्र तिरेका हुँदैनन्, उनीहरूले रोजगारी र सामाजिक सुरक्षाको सुनिश्चितताबाट राज्यको ठूलो दायित्व पनि बहन गरिदिएका हुन्छन्", उहाँले भन्नुभयो, "तसर्थ, उद्योग व्यवसायबिना देश बन्दैन, उद्योगीको मनोबल नउठेसम्म अर्थव्यवस्था उठ्न सक्दैन, निजी क्षेत्रको मागलाई सम्बोधन गर्न निरन्तर सहकार्य गरिरहेका छौँ।" नेपाल राष्ट्र बैङ्कमार्फत बैङ्क तथा वित्तीय क्षेत्रको स्थिरताका लागि कडा कदम चालिएको जानकारी दिँदै प्रधानमन्त्रीले व्यवसाय गर्ने वातावरण सुधार गर्न नीतिगत जटिलता हटाइँदै लगिएको बताउनुभयो।

प्रधानमन्त्री कार्कीले सिङ्गो मुलुक आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनको तयारीमा जुटेको उल्लेख गर्दै निर्वाचनमार्फत दिगो लोकतान्त्रिक प्रक्रियामा मुलुक अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो। "यहीँ नै गरी खान सकिन्छ भन्ने आशा जगाउँदै त्यसका लागि उपयुक्त वातावरण बनाउन प्रयासरत छौँ", उहाँले भन्नुभयो। अर्थमन्त्री डा रामेश्वर खनालले जेनजी आन्दोलनको प्रभावबाट निजी क्षेत्रलाई पूर्ववत् अवस्थामा ल्याउन वर्तमान सरकारले पहिलो दिनदेखि नै काम थालनी गरेको स्पष्ट पार्नुभयो। "सरकारले पटकपटक निजी क्षेत्रसँग छलफल गरिरहेको छ", उहाँले भन्नुभयो, "निजी क्षेत्र मैत्री व्यवहार गर्न सरकार लागिपरेको छ।"

कर प्रशासनका सेवालाई विकेन्द्रित गर्दै लगिएको जानकारी दिँदै उहाँले व्यवसायी जगत्लाई भरोसा जगाउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो। "व्यवसायीलाई कुनै पनि दुःख नदिईकन सेवा दिन सरकार तत्पर छ", उहाँले भन्नुभयो।

गृहमन्त्री ओमप्रकाश अर्यालले आमनागरिकको अभिभावकका रूपमा काम गरिरहेको वर्तमान सरकारले निजी क्षेत्रको सरोकार सम्बोधन गर्ने बताउनुभयो। "मुलुक अहिले कानुनी राज्यका रूपमा अघि बढिरहेको छ, सरकारले कानुनी राज्यको सरकारले गर्छ", उहाँले भन्नुभयो, "अर्थतन्त्रको आधारशीला बलियो बनाउनुपर्छ, यसका अङ्गलाई सुरक्षा दिनुपर्छ, यही काम सरकारले गरिरहेको छ।" अर्थतन्त्रको जगेर्ना गर्ने जिम्मेवारी निजी क्षेत्रको भएको उल्लेख गर्दै गृहमन्त्रीले सरकार र निजी क्षेत्रले मुलुकको समृद्धिमा हातेमालो गर्नुपर्ने बताउनुभयो। "जेनजीआन्दोलनकाघुसपैठभयो, आपराधिक तत्वले क्षति गरे, तर त्यसलाई राज्यले सम्बोधन गरेको छ", उहाँले भन्नुभयो, "३८० जना पक्राउ परेका छन्, १५० जनामाथि मुद्दा चलेको छ, सरकारले उद्योगी, व्यवसायीलाई पूर्ण सुरक्षा दिन्छ।"उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले औद्योगिक वातावरण प्रवर्द्धनका लागि बाधक बनेको कानुनी व्यवस्था परिमार्जनलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताउनुभयो। उद्योगीलाई सहजीकरण गर्न मन्त्रालय प्रयासरत रहेको जानकारी दिँदै उहाँले अर्थतन्त्रलाई चलायमान बनाउन आवश्यक विषयलाई उच्च प्राथमिकता दिइने स्पष्ट पार्नुभयो। मुख्यसचिव एकनारायण अर्यालले स्वदेशमा रोजगारी सिर्जना गरेर कामको खोजीमा वैदेशिक रोजगारीमा विदेशिनुपर्ने बाध्यता अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो। नेपाल राष्ट्र बैङ्कका गभर्नर डा विश्वनाथपौडेलले उच्चमनोबलका साथ निर्धक्क भएर व्यावसायिक क्रियाकलाप अघि बढाउन निजी क्षेत्रलाई आग्रह गर्नुभयो। "उच्च मनोबलका साथ काम गर्नुस्। एउटा दुर्घटनाजस्तो भयो। त्यसपछि वैधानिक सरकार बनेको छ, यो अवसरलाई तपाईंहरूले सकारात्मक रूपमा लिएर यसलाई सदुपयोग गर्नुहोला", उहाँले भन्नुभयो। सो अवसरमानिजीक्षेत्रकाप्रतिनिधिहरूले उद्योगी, व्यवसायीलाई निर्धक्क भएर व्यवसाय गर्ने वातावरण बनाउनुपर्ने, ऐन कानुनलाई व्यवसायीमैत्री बनाउनुपर्ने, सेवा प्रवाहलाईसरलीकृतगर्नुपर्नेलगायत विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

## एकाउन्न वर्षपछि लाप्राकका युवाद्वारा लमजुङ हिमाल आरोहण

**पोखरापत्र संवाददाता**
गोरखा, २२ कार्तिक

पहिलोपटक आरोहण भएर रोकिएको ५१ वर्षपछि गोरखाका युवाहरूले लमजुङ हिमालको सफल आरोहण गरेका छन्।

धार्चे गाउँपालिका-४ लाप्राकका सन्दीप गुरुङ, सुजल गुरुङ र बुद्धबहादुर गुरुङले छ हजार ९८३ मिटर अग्लो लमजुङ हिमाल आरोहण गरेका हुन्। मनाङ र कास्कीको सिमानामा रहेको सो हिमाल यसअघि सन् १९७४ मा पहिलोपटक बेलायती सेनाका डेरिक च्याम्बरलेन र फिलिप नियमिले आरोहण गरेका थिए। त्यसयता थुप्रै आरोहीहरूले पटकपटक आरोहणको प्रयास गरे पनि सफल हुन सकेका थिएनन्। एकाउन्न वर्षपछि पहिलोपटक लाप्राकका तीनसहित चार जनाको टोलीले लमजुङ हिमाल आरोहण गरेको आरोही सन्दीपले जानकारी दिनुभयो।

गुरुङको टोलीले यही अक्टोबर २७ तारिख दिउँसो ३:०० बजे हिमाल आरोहण गरेका थिए। सो टोलीमा रहेका सोलुखुम्बुका पुरतेन्जी शेर्पाले पनि लमजुङ हिमाल सफतापूर्वक आरोहण गरेका सन्दीपले जानकारी दिनुभयो। "यो पर्वतारोहण क्षेत्रकै ऐतिहासिक आरोहण हो", उहाँले भन्नुभयो, "५१ वर्षमा थुप्रै आरोहीहरूले लमजुङ हिमाल आरोहणको प्रयास गरेका थिए। तर, सफल भने हुन सकेका थिएनन्। हाम्रो टोली भने पहिलो प्रयासमा नै सफल भएको छ।" सन्दीपले आफ्नो टोलीले हिमालयन समिट क्लबबाट हिमाल आरोहण गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "हाम्रो टोलीमा थप दुई जना विदेशी र एक जना नेपाली पनि हुनुहुन्थ्यो। मौसम खराब भएपछि उहाँहरू फर्किनु भयो। हामी चार जनाले अरोहण गरेर फर्केका हौँ।"

## 'डुलुवा' टोली पोखराबाट हुम्ला

**पोखरापत्र संवाददाता**
पोखरा, २२ कार्तिक

पर्यटन प्रवर्द्धनको लक्ष्यसहित विभिन्न पर्यटकीय गन्तव्यको प्रवर्द्धनात्मक भ्रमण गर्दै आएको 'डुलुवा' टोली पर्यटकीय नगरी पोखराबाट हुम्ला प्रस्थान गरेको छ। डुलुवाको २१ सदस्यीय टोली पर्वत, बागलुङ, रुकुमकोट, लिमी, लाप्चा ला पास पुगेर आगामी मङ्सिर १ गते पोखरा फर्किने तालिका छ।

टोलीलाई शुक्रबार एक कार्यक्रमकाबीच पोखरा भ्रमण वर्ष, २०२५ का संयोजक गोपीबहादुर भट्टराई, रेवान पोखराका पूर्वअध्यक्ष नरेश भट्टराई, खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबी आस्था मगरलगायतले बिदाइ गर्नुभयो। उक्त क्रममा डुलुवाका संयोजक योगेश भट्टराईलाई पोखरा भ्रमण वर्षका संयोजक भट्टराईले भ्रमण वर्षको व्यानर हस्तान्तरण गर्नुभएको थियो। भट्टराईले पोखरासहित समग्र गण्डकी प्रदेश प्राकृतिक रुपले नै साहासिक यात्राको गन्तव्य भएको बताउँदै यस यात्राले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण सहयोग पुग्ने बताउनुभयो। पोखराले भ्रमण वर्ष मनाइरहँदा विभिन्न कार्यक्रमको आयोजना गरेको बताउँदै उहाँले पोखरामा पर्यटक भित्र्याउन नेपाल र नेपाल बाहिरसमेत प्रवर्द्धनका कार्यक्रम गर्नुपर्नेमा जोड दिनुभयो। भट्टराईले आफूहरूको यस अभियानले नेपालको प्राकृतिक र सांस्कृतिक सुन्दरता रहेका रमणीय ठाउँको उजागर गर्ने उद्देश्य राखेको जानकारी गराउनुभयो। हुम्ला नेपालका अन्तिम उपत्यका रहेको उल्लेख गर्दै उहाँले यो यात्रा निकै रोमाञ्चकारी हुने विश्वास व्यक्त गर्नुभयो। यस कार्यक्रमले कैलाश पर्वत र लिमी उपत्यकासम्म पुग्ने प्राचीन बाटोलाई पुर्नजीवित गर्ने उहाँको भनाइ छ। हुम्ला अन्तिम उपत्यका अभियान नामकरण गरी यात्रा थालेको टोलीले रुकुमकोट, राकम, सर्खेघाट, सिमकोट, लिमी उपत्यका र पाँच हजार मिटर उचाइको लाप्चा ला पास परेर सिमकोट फर्किने कार्यक्रम छ। टोली सर्खैघाट कोहलपुर बुटवल हुँदै ११ दिनमा पोखरा फर्किने जनाइएको छ। 'डुलुवा' पोखराका पर्यटनकर्मी युवाको समूह हो। सन् २००८ देखि प्याराग्लाइडिङ तथा पर्यटन व्यवसायमा आबद्ध युवा मिलेर नेपाल घुम्न सुरु गरेका थिए। सोही समूहलाई सन् २०२० मा आएर 'डुलुवा'का रुपमा नामकरण गरिएको थियो। स्थापनाको १५ वर्षमा डुलुवाले नेपालका ७० जिल्ला भ्रमण गरेको छ।

त्यस्तै टोलीले भारतको लद्दाखसम्म र कास्कीदेखि कन्याकुमारीसम्म सफलतापूर्वक यात्रा गरिसकेका छन्। यात्राका क्रममा 'डुलुवा' समूहले बनाएको 'वि विल राइज फाउण्डेशन' र नेपाल टेलिभजनद्वारा आयोजित भिडियो प्रतियोगिताको उपाधि डुलुवा समूहको 'दि नर्देन वाल'ले जितेको थियो। प्रतियोगिताको ' मोस्ट एनरजेटिक भिडियो मेकर' अवार्ड पनि 'डुलुवा' कै 'मेरो गाउँ तक्सेरा' ले जितेको थियो।

## पुसमा नियमित महाधिवेशन हुनुपर्नेमा कांग्रेस गोरखाको जोड

**पोखरापत्र संवाददाता**
गोरखा, २२ कार्तिक

नेपाली कांग्रेस जिल्ला समिति, गोरखाले आगामी पुसमा नियमित महाधिवेशन हुनुपर्नेमा जोड दिएको छ। जिल्ला समिति गोरखाले महामन्त्री गगन थापाले प्रस्तुत गर्नुभएको कार्यतालिकाअनुसार पार्टीको केन्द्रीय महाधिवेशन गर्नुपर्नेमा जोड दिएको हो।

शनिबार यहाँ सम्पन्न बैठकपछि आयोजित पत्रकार सम्मेलनमा जिल्ला सभापति नन्दप्रसाद न्यौपानले विधानअनुसार महाधिवेशन हुन नसके ५४ प्रतिशत प्रतिनिधिले माग गरेबमोजिम विशेष महाधिवेशन हुनुपर्ने निर्णय जिल्ला समितिले गरेको जानकारी दिनुभयो।

"महामन्त्रीले माग गरेबमोजिम महाधिवेशन हुँदैन भने ५४ प्रतिशत प्रतिनिधिले माग गरेको विशेष महाधिवेशन हुनुपर्छ भन्ने निर्णय जिल्ला समितिले गरेको छ", उहाँले भन्नुभयो, "हामीले सोही अनुसार केन्द्रीय समितिलाई अनुरोध गर्नेछौँ।"

कांग्रेसको विधानले जिल्ला समितिसहित सबै तहको कार्यकाल चार वर्षका लागि तोकेकाले आगामी मङ्सिरमा सबै तहको कार्यकाल सकिने भएकाले पुसमा नियमित अधिवेशन हुनुपर्ने निर्णय बैठकले गरेको उहाँले बताउनुभयो। उहाँका अनुसार कांग्रेस गोरखाका ५१ महाधिवेशन प्रतिनिधिमध्ये ४२ जनाले विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षरसमेत गरेका छन्।

बैठकले विषम परिस्थितिमा देशले निकास खोजिरहेका बेला जिल्लाभित्रका ११ वटै पालिकामा पार्टीले भेला गरेर नागरिकहरूसँग छलफल र आवश्यक संवाद गर्ने निर्णयसमेत गरेको सभापति न्यौपानेले बताउनुभयो। वर्तमान अवस्थामा देशलाई निकास दिनका लागि पनि तत्काल पार्टीको महाधिवशेन जरुरी रहेको उहाँको भनाइ छ। किसानले भित्र्याउने तयारी गरेका धानबालीमा वर्षाले ठूलो क्षति पुऱ्याएकाले स्थानीय प्रदेश र सङ्घीय सरकारलगायत सरोकार भएका निकायसँग पीडित किसानलाई विशेष राहतको व्यवस्था गर्न ध्यानाकर्षण गराउने आजको बैठकले निर्णय गरेको सभापति न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार पार्टीको भ्रातृ सङ्गठनलाई थप चलायमान बनाउन तथा विकास निर्माणका योजनालाई समयमा सम्पन्न गर्नेगरी दबाब दिने निर्णय बैठकले गरेको छ। जिल्ला सभापति न्यौपानले वर्तमान सरकार संविधानअनुसार बन्यो वा बनेनभन्दा पनि यो जेनजीको माग र आन्दोलनको मर्मबाट बनेको सरकार भएकाले स्वीकार गरेर अघि बढ्नुपर्ने धारणा राख्नुभयो।

"यो सरकार आन्दोलनबाट बनेकाले हामीले स्वीकार गर्नुपर्छ। यो युवा पुस्ताको सङ्घर्ष र मागपछि बनेकले हामी निर्वाचनमा जानु पर्छ", उहाँले भन्नुभयो, "हामीले विगतमा गरेका आन्दोलनबाट पनि कतिपय कुराहरू भत्कायौँ र नयाँ ढङ्गले अगाडि बढ्यौँ। त्यसैले अहिले जेनजीको आन्दोलनपछि जुन सरकार बनेको छ र फागुन २१ गते निर्वाचनको घोषणा गरेको छ, उक्त निर्वाचनमा सहभागी हुनुपर्छ र कांग्रेस गोरखा निष्पक्ष निर्वाचनको पक्षमा छ।"

## मधेस प्रदेशका मुख्यमन्त्री सोनलद्वारा राजीनामा

**रासस**
काठमाडौं, २२ कार्तिक

मधेस प्रदेशका मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनार 'सोनल' ले आफ्नो पदबाट राजीनामा दिने घोषणा गर्नुभएको छ। प्रदेशसभा बैठकमा उहाँले आफ्नो पदबाट राजीनामा घोषणा गर्नुभएको हो।

शनिबार प्रदेशसभामा विश्वासको मत लिन पुग्नुभएका मुख्यमन्त्री सोनलले विश्वासको मत पाउने सुनिश्चित नदेखेपछि राजीनामा घोषणा गर्नुभयो। उहाँले प्रदेशप्रमुखको कार्यालयमा आफ्नो राजीनामा पेस गर्ने जानकारी दिनुभएको छ। मुख्यमन्त्री सोनल गत असोज २९ गते ५६ संसद्को समर्थनमा मुख्यमन्त्री पदमा नियुक्त हुनुभएको थियो। लोकतान्त्रिक समाजवादी पार्टीका नेता सोनललाई गत असोज २९ गते प्रदेशप्रमुख सुमित्रा सुवेदी भण्डारीले नियुक्त गर्नुभएको थियो।

एक सय सात सदस्य प्रदेशसभामा सरकार गठनका लागि ५४ आवश्यक बहुमत हो। मधेस प्रदेशसभामा सत्ता गठबन्धन लोसपाको आठ, जसपा नेपालको १८, जनमतको १३, नेकपा माओवादी केन्द्रको नौ र एकीकृत समाजवादीको सात सिट छ। नागरिक उन्मुक्ति पार्टीले उहाँलाई विश्वासको मत दिने निर्णय गरिसकेको भए पनि मत दिने आश्वासन दिएको सङ्घीय समाजवादी पार्टीका सांसद बिमला अन्सारी अनुपस्थित हुनुभएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा रंगशालामा नेपथ्यको कन्सर्टमा १५ हजार दर्शक भित्रिए

**पोखरापत्र संवाददाता**
पोखरा, २२ कार्तिक

पोखरा रंगशालामा शुक्रबार साँझ चर्चित सांगीतिक समूह नेपथ्य ब्याण्डको प्रस्तुति अवलोकन गर्न करिब १५ हजार दर्शक सहभागी भएका थिए।

'क्रिकेटका लागि नेपथ्य' भन्ने नारासहित नेपाल प्रिमियर लिग (एनपिएल) का फ्रेन्चाइज टिम पोखरा एभेन्जर्सले आयोजना गरेको यस कन्सर्टका लागि ६ हजार टिकट (जर्सी बुकिङ) पहिले नै बिक्री भइसकेको थियो। साथै, शुक्रबार थप एक हजार टिकट र एक हजार पास वितरण गरिएको आयोजकले जनाएको छ। कन्सर्टको मध्यभागतिर करिब ७:१५ बजेसम्म टिकट नपाएका करिब ५ हजार दर्शकलाई निःशुल्क प्रवेश गराइएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मिलन गुरुङले बताउनु भयो । "पोखरेली दर्शकहरूको असाधारण उत्साह र भीडले हामी सबै उत्साहित भयौं," आयोजक तथा पोखरा एभेन्जर्सका अध्यक्ष सुबोध त्रिपाठीले भन्नुभयो। उहाँका अनुसार, क्रिकेट र संगीतलाई जोड्ने उद्देश्यले यो कन्सर्ट आयोजना गरिएको हो । कन्सर्टको लागि



प्रवेश दिउँसो ४:०० बजेदेखि खुला गरिए पनि साँझ ६:३० बजेसम्म दर्शकहरू लामो लाइनमा हुनु भएको थियो। नेपथ्यले ६:१५ देखि ८:१५ बजे सम्म करिब दुई घण्टा दमदार प्रस्तुति दिएको थियो । नेपथ्यका प्रमुख गायक अमृत गुरुङले पोखराली दर्शकको उत्साहप्रति आभार व्यक्त गर्दै आफ्नो वाल्यकालको स्मरण गर्नुभयो। उहाँले भन्नुभयो, "हामीले कमाएको केही रकमबाट विद्यालय जानबाट बन्चित बालबालिकाका लागि अक्षयकोष स्थापना गरेर भए पनि सबैलाई पढ्ने वातावरण मिलाउनुपर्छ यो रंगशाला बनाउन जो जोले साथ र सहयोग गर्नु भयो सबैमा धन्यवाद छ है ।" आगामी निर्वाचनमा "राम्रो उमेदवार छनोट गर्न आफ्नो अमूल्य मत विवेकपूर्वक प्रयोग गर्न" उहाँले सन्देश दिनुभयो।

'तालको पानी माछिले खानी', 'नैनतालमै नैनतालमा', ' जोमसोमे बजार १२ बजे हावा सरर', 'भेडाको उन जस्तो' गाउँ गाउँबाट उठ बस्ती बस्तीबाट उठ लगायत गितहरु प्रस्तुतः गर्दा प्रस्तुत गर्दा रंगशाला भनै गुञ्जायमान भएको थियो । नेपथ्यको जर्सी बिक्री अभियान अन्तर्गत पहिलो एक हजार जनालाई रु ९९९ मा र नियमित मूल्य रु १४९९ मा जर्सी उपलब्ध गराइएको थियो । जर्सी खरिद गर्ने समर्थकहरूलाई नै कन्सर्ट प्रवेश दिइएको थियो ।आयोजकका अनुसार, कन्सर्टबाट संकलित केही रकमबाट गण्डकी प्रदेशका सामुदायिक विद्यालयहरूमा क्रिकेट किट वितरण गरिनेछ। करिब एक अर्ब २८ करोड रुपैयाँ लागतमा निर्मित पोखरा रंगशाला फुटबल स्टेडियममा प्रायः 'आहा-रारा गोल्ड कप' बाहेक अन्य ठूला प्रतियोगिता नहुने हुँदा, खेलकुदकर्मीहरूले नियमित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रम आयोजना गर्न माग गरेका छन्। केही खेलकुदकर्मीले रंगशालामा उक्त कार्यक्रम गर्दा फुटबल मैदानको दुवो मर्ने चिन्ता व्यक्त गर्नु भएको थियो। पोखरामा नेपथ्यको यो प्रस्तुति सबै उमेर समूहका दर्शकका लागि अविस्मरणीय बन्यो जहाँ संगीत, भावना र उद्देश्य एउटै तालमा धड्किँदै सुनियो।

# भद्रकाली माविमा कक्षा ११ का विद्यार्थीलाई स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, २२ कार्तिक

पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत नव आगन्तुक विद्यार्थीहरुलाई शनिवार स्वागत गरिएको छ।

कक्षा १२ का सम्पूर्ण विद्यार्थीहरु तथा भद्रकाली माविको संयुक्त आयोजनामा कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरुलाई स्वागत गरिएको हो । प्राध्यापक तथा शिक्षासेवी रामगोपाल ढेवाजूले व्यानरमा हस्ताक्षर गरी कार्यक्रमको उद्घाटन गरेका थिए। प्राध्यापक ढेवाजूले विद्यालयका शिक्षक हजुरहरुको पथप्रदर्शक हुन, उहाँहरुलाई गुरु मात्र होइन, जीवनका सल्लाहकारका रुपमा पनि हेर्न अनुरोध गरे।





विद्यालयका प्रधानाध्यापक यदुराज पगेनीले नियमित उपस्थिति र अनुशासन पूर्वक विद्यालयमा अध्ययन गर्दै अगाडि बढ्न विद्यार्थीहरुलाई जोड दिए। विद्यालयका कक्षा ११ र १२ का संयोजक उपेन्द्र सुवेदीले बालबालिकाहरुसँग फरक फरक क्षमता भएको हुँदा क्षमता भएका व्यक्तिहरु विश्वव्यापी रुपमा फैलिएको भने । विज्ञान संकायका संयोजक पिताम्बर अर्यालले यस भन्दा अगाडिका बालबालीकारुले जसरी विद्यालयको गरिमा बृद्धीका लागि बिद्यार्थीहरुले मेहनत गर्नुपर्नेमा जोड दिए। कक्षा १२ व्यवस्थापन संकायमा अध्ययनरत शुष्मा नेपालीको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षक अभिभावक संघका अध्यक्ष हरीकला श्रेष्ठ लगायत वोलेको कार्यक्रममा दोजिना गुरुङले स्वागत गरेको कार्यक्रममा विद्यार्थीहरु विशाखा महर्जन र पर्वत सुनारले संचालन गरेका थिए। भद्रकाली क्यान्टीन संचालक तथा कलाकार सुदिप तिमिल्सिनाले क्यारीकेचर गरी सवैलाई मन्त्रमुग्ध पारेका थिए।

# सेटलाइट कृषि फार्मका लागि ८०१ रोपनी जग्गा प्राप्ति

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २२ कार्तिक

मुस्ताङको लोघेकर दामोदरकुण्ड-२ घमीमा सेटलाइट कृषि फार्म स्थापनाका लागि ८०१ रोपनी जग्गा प्राप्त भएको छ।

शीतोष्ण फलफूल तथा स्याउको उत्पादन दीर्घकालसम्म सुनिश्चित राख्ने उद्देश्यले सेटलाइट कृषि फार्मको अवधारणा अघि सारिएको हो। जग्गा प्राप्तिसँगै सेटलाइट कृषि फार्मको गुरुयोजना अघि बढाउन बाटो खुलेको छ।

सरकारी जग्गा दर्ता, उपयोग तथा भाडामा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति-२०७९ मा भएको व्यवस्थाअनुरुप मुस्ताङको घमीमा सेटलाइट फार्म स्थापनाका लागि शीतोष्ण बागवानी विकास केन्द्र मार्फाका नाममा जग्गा प्राप्ति भएको केन्द्र प्रमुख पद्मनाथ आत्रेयले जानकारी दिनुभयो।

केन्द्रले सेटलाइट फार्म स्थापनाका लागि सरोकारवाला निकायसँग दुई वर्षअघि प्रक्रिया अघि बढाएकोमा शुक्रबार मात्रै केन्द्रको नाममा जग्गा प्राप्ति प्रक्रिया टुङ्गिएको केन्द्र प्रमुख आत्रेयले बताउनुभयो । मालपोत कार्यालय मुस्ताङका प्रमुख सूर्य शर्मा अर्यालले केन्द्र प्रमुख पद्मनाथ आत्रेयलाई फार्मका लागि लालपूर्जा हस्तान्तरण गरेको मालपोत कार्यालय मुस्ताङले जनाएको छ। यहाँ उत्पादन हुने ३५ प्रजातिका स्याउलगायत शीतोष्ण फलफूलअन्तर्गत ओखर, कागजी बदाम, आरु, आरुबखडा, खुर्पानी, स्वीट चेरी र अङ्गुरलगायतका फलफूल जातहरुको संरक्षण गरी सयौँ वर्षसम्म स्याउको राजधानीका रुपमा स्थापित गराइराख्न चुनौती रहेकाले माथिल्लो भूभागमा सेटलाइट फार्मको अवधारण बनेको केन्द्र प्रमुख आत्रेयको भनाइ छ। साथै तल्लो मुस्ताङ र माथिल्लो क्षेत्रमा स्याउलगायतका बिरुवा रोपण गर्ने तालिका फरकफरक भएकाले केन्द्रमा उत्पादन हुने बिरुवा माथिल्लो क्षेत्रका कृषकलाई अनुकूल हुँदैन । यसकारण सेटलाइट फार्म स्थापना भई उक्त स्थानमा बिरुवा उत्पादन भएको अवस्थामा त्यहाँका किसानका समस्या निराकरण हुने विश्वास गरिएको छ।

यहाँको तल्लो मुस्ताङमा पछिल्लो समय धेरै पानी पर्न थालेका र माथिल्लो मुस्ताङमा जलवायु अनुकूलता अपनाउँदै तरकारीको बीउ उत्पादनको दृष्टिकोणबाट पनि अन्त्यन्तै सम्भावना रहेको केन्द्र प्रमुख आत्रेयको भनाइ छ। उपल्लो मुस्ताङमा सयौँ हेक्टर जमिन बाँझो रहेको र त्यहाँ सिँचाइको व्यवस्थापन गर्नसकेमा प्रशस्तै स्याउ फलाउन सकिने जनाइएको छ।

# कालीगण्डकी नदीमा स्टिमर सेवा पुनः सुरु

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २२ कार्तिक

वर्खाको समयमा पानीको बहाव बढेसँगै जेठ महिनाबाट बन्द भएको स्याङ्जाको मिर्मीस्थित आँधीमुहानदेखि सेतीबेनीसम्मको स्टिमर (जलयातायात) सेवा पुनः सुचारु भएको छ।

पानीको घट्दो बहाव र हिउँदमा कम पानी पर्ने भएपछि बन्द रहेको स्टिमर सेवा कात्तिक महिना लागेसँगै पुनः सुचारु भएको हो । नेपालको सबैभन्दा ठूलो जलविद्युत कालीगण्डकी 'ए' परियोजनामा बाँध निर्माण गरेपछि बनेको जलाशयमा २३ वर्षदेखि जलयातायात सेवा वर्षातको ३/४ महिना बाहेकको समयमा सञ्चालन हुँदै आएको छ । स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७ मिर्मीस्थित आँधीमुहानदेखि स्याङ्जा, पर्वत र गुल्मीको सङ्गमस्थल सेतीबेनीसम्म साढे ७ किलोमिटरको दूरीमा स्टिमर सेवा संचालनमा छ। जिल्ला प्रशासन कार्यालय स्याङ्जाको २०६२ सालमा स्वीकृत र आर्थिक वर्ष २०७०/०७१ मा कम्पनी रजिष्ट्रारमा दर्ता भएर सेवा सञ्चालनमा आएको हो । शुरुवातका चरणमा साना र ठूला गरी १२ वटा स्टिमर रहेपनि



पछिल्लो समय तीन वटा मात्रै स्टिमरबाट सेवा दिदै आएको शिला शालीग्राम कालीगण्डकी जलयातायात प्रालिका अध्यक्ष डोलराज भट्टराईले बताए । स्याङ्जा पर्वत, गुल्मी र बाग्लुङ्गका साविक ३६ गाविसको आवगमन गर्ने गतिलो माध्यम स्टिमर सेवा बनेको भट्टराईले बताए। स्याङ्जाको सिमाना पर्वततर्फ कालीगण्डकी करिडोर र गुल्मीतर्फ कालिगण्डकी लोकमार्ग खुलेपछि स्टिमर सेवा मेला विशेषमा आन्तरीक पर्यटकहरु र शिला शालीग्राम दर्शन गर्नमा मात्र सीमित बन्दै गएको छ। शिला अवलोकन गर्न यदाकदा आउनेहरुले रिजर्भ गरेर सेतीबेनी पुग्ने गरेपनि यात्रुहरुको अभाबमा स्टिमर नियमति चल्न सकेको छैन् । धेरै स्टिमर व्यवसायी विस्थापित भईसकेका छन् । विगतमा सेतीबेनी बजारका व्यापार गर्ने, पर्वत गुल्मी र बाग्लुङ्गका व्यापारीहरुले स्टिमरबाट खाद्यान्न ढुवानी गर्दै आएका थिए। कालीगण्डकी लोकमार्ग र करिडोरले पर्वत र गुल्मी खण्डमा सुविधा सम्पन्न सडक विस्तार भएसँगै स्याङजातर्फ मोटरबाटोको सहज पहुँच पुगेपछि स्टिमर सेवा प्रभावित बनेको स्टिमर व्यवसायी टिकाराम कुँवरले बताए।

दैनिक पाँच सयदेखि एक हजार यात्रुहरुले स्टिमर मार्फत जलयात्रा गर्दै आएका थिए । पछिल्लो समय जलयातायात सेवाले यात्रु पाउन छाडेपछि स्टिमर व्यवसायी मर्कामा परेका हुन् । स्टिमर नचलेपछि अधिकांश स्टिमर बिग्रएर थन्किएका छन् । केहि स्टिमरलाई वर्खाको भेलले बगायो भने थोरै बचेका स्टिमर टुट्ने, फुट्ने र गल्ने भएर काम नलाग्ने अवस्थामा पुगेका छन् । स्टिमर सेवालाई निरन्तर दिन ठूलो खर्च लाग्ने र यात्रु अभाबले लगानी नउठ्ने डर भएपछि व्यवसायी विस्थापित बन्न बाध्य भएका छन् । स्थानीय सरकारले निर्धारण गरे अनुरुप प्रतिव्यक्ति एकतर्फी टिकट काटेर जाँदा २ सय रुपैयाँ तिर्नुपर्छ। रिजर्भ गरेमा स्टिमरको क्षमता अनुसार दुई हजारदेखि माथिको मुल्य तोकिएको छ। कालीगण्डकी नदीमा मिर्मीको आँधीमुहानदेखि सेतीबेनीसम्मको साढे ७ किलोमिटर दुरी जलयात्रा ३० मिनेटदेखि ४५ मिनेटसम्मको समय लाग्ने स्थानीयले बताए । यात्रुहरुले स्टिमर चढ्न छाडेर बस, जीप, मोटरसाईकल, अटो लगायतका सवारी साधन प्रयोग गर्न थालेपछि स्टिमर व्यवसायी थप समस्यामा पर्दै गएका छन् । सडक सञ्जाल विस्तार र सहज पहुँचले आँधीमुहान र सेतीबेनीका बजार सुनसान बन्दै जाँदा र सवारी साधनमा भाडा सस्तो भएपछि स्टिमर चढ्ने यात्रु घट्दै गएका छन्।

# पोखराका योगेन्द्रबहादुर बस्नेतलाई भलिबल पुरस्कार

**पोखरापत्र संवाददाता**
पोखरा, २२ कार्तिक

स्वर्गीय उदयबहादुर बस्नेतको स्मृतिमा संचालित भलिबल पुरस्कार पोखराका भलिबल खेलाडी योगेन्द्रबहादुर बस्नेतलाई प्रदान गरिने भएको छ।

भलिबल खेलका पुर्व राष्ट्रिय खेलाडी उदयबहादुर बस्नेतको स्मृतिमा हिमालय क्लव, पोखर १६ बाटुलेचौरले संचालन गरेको सो पुरस्कार यसवर्ष खेलाडी बस्नेतलाई प्रदान गर्न लागिएको क्लवका अध्यक्ष मोहन थापाले जानकारी दिए । बाटुलेचौर निवासी बस्नेत भलिबलका राष्ट्रिय खेलाडी हुन् ।प्रत्येक २ २ बर्षमा प्रदान गरिने पुरस्कार यसअघि सो पुरस्कारबाट



भलिबलका राष्ट्रिय खेलाडी इम राना, लेखनाथ लम्साल र लक्ष्मी गुरुङ सम्मानित भईसकेका छन् ।

रामबहादुर बानियाँ संयोजक र सदस्य प्रकाश थापा, राजेन्द्रबहादुर बस्नेत र सदस्य सचिव तुलबहादुर बस्नेत सम्मिलित पुरस्कार छनोट समितिले गरेको सिफारिसलाई क्लवले अनुमोदन गरी सम्मानित खेलाडीको नाम शनिबार सार्वजनिक गरेको हो।

स्वगीय बस्नेत कास्की जिल्ला भलिबल संघका संस्थापक अध्यक्ष हुन् । नगद १५ हजार, सम्मानपत्र र सल सहितको पुरस्कार आगामी पुस १० गते क्लवको २८ औं बार्षिकोत्सवका अवसरमा प्रदान गरिने सुचना अधिकारी शिवराज देवकोटाले बताए ।भलिबल खेलको विकासमा योगदान पुर्याउने खेलाडी वा संस्थालाई सम्मान गर्ने हेतुले क्लवले पुरस्कार स्थापना गरेको हो । बार्षिकोत्सवकै अवसरमा यही मंसिर २० गते २८ औं संस्करणको रक्तदान कार्यक्रम समेत गर्ने जनाएको छ । सो कार्यक्रमका लागि खगेन्द्र थापालाई संयोजक तोकिएको छ।

# स्याङ्जाको अर्जुनचौपारी-२ जिल्लामै पहिलो

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २२ कार्तिक

आर्थिक वर्ष २०८१/०८२ को स्वास्थ्य मूल्याङ्कनमा अर्जुनचौपारी गाउँपालिका-२ जिल्लामै पहिलो बनेको छ। प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जाले सार्वजनिक गरेको मूल्याङ्कनमा अर्जुनचौपारी-२ को स्वास्थ्य चौकी ९०.४ अङ्कसहित पहिलो भएको हो।

मूल्याङ्कनमा जिल्लाका ९७ वडामध्ये ८९.८ अङ्कसहित बिरुवा गाउँपालिका-१ बिरुवा बजारको बिरुवा स्वास्थ्य चौकी दोस्रो र भीरकोट नगरपालिका-६ खिलुङ देउराली स्वास्थ्य चौकी ८९.५ अङ्कसहित तेस्रो बन्न सफल भएको जनस्वास्थ्य प्रशासक केशवप्रसाद चापागाईले जानकारी दिए । स्वास्थ्य सूचकका अनुसार उत्कृष्ट कार्यसम्पादन गर्ने संस्थाहरूलाई जिल्ला स्तरीय वार्षिक स्वास्थ्य समीक्षामा सहायक प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले सम्मान-पत्र प्रदान गरेका थिए । त्यस वअसरमा स्वास्थ्य सेवालाई आधुनिक र प्रविधिमैत्री बनाउन पौडेलले आग्रह गरे । समुदायमै पुगेर सेवा विस्तार र गुणस्तर अभिवृद्धिको लक्ष्य तय गरेको जनस्वास्थ्य कार्यालयले हरेक वर्ष विभिन्न सूचकका आधारमा स्थानीय तहका स्वास्थ्य गतिविधि मूल्यांकन गर्दै आएको छ। स्थानीय पालिकाहरुले स्वास्थ्य चौकीमार्फत सेवाग्राहीलाई विभिन्न रचनात्मक सुविधाहरु प्रदान गर्दै आएका छन्।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरीलिअस्

## सम्पादकीय

# मधेस प्रदेशमा राजनीतिक अस्थिरता

धेरै दललाई मिलाएर सरकार टिकाउ नहुने मधेस प्रदेशले देखाएको छ । मधेस प्रदेशमा लोसपा नेता जितेन्द्र सोनल नेतृत्वको सरकार २५ दिनमै ढलेको छ। सदनमा विश्वासको मत पाउने स्थिति नदेखेपछि मुख्यमन्त्री सोनलले राजीनामा दिए।उनको राजिनामा स्वीकृत भएको छ । प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले मुख्यमन्त्री सोनलको राजिनामा स्वीकृत गरिसकेकी छन । अब मधेस प्रदेशको सबैभन्दा ठुलो दलको नेतालाई मुख्यमन्त्री नियुक्ति गर्नुपर्ने गण्डकी, कोशी प्रदेश र सुदूरपश्चिम प्रदेशमा ठूलो दलको नेता नियुक्त भएको नजिर छ ।

शनिबार मुख्यमन्त्रीले विश्वासको मत लिने दिन थियो । तर उनले विश्वासको मत नपाएर सरकार ढल्नुमा प्रमुख कारण हो, नेकपा माओवादी केन्द्रको अन्तरद्वन्द्व । यसैको कारण विश्वासको मत नपाउँदै मधेश प्रदेश सरकार ढल्न पुगेको छ। साना दल भित्रको विवादले गर्दा मुख्यमन्त्रीले २५ दिनमै सरकारबाट हट्नु पैंको छाराजनीतिक अस्थिरता बढ्न थालेको छ। गत आसोज २९ गते पाँच दलको ५६ सांसदको समर्थनमा सोनल मुख्यमन्त्री नियुक्त भएका थिए। शनिबार विश्वासको मतको लागि बोलाएको प्रदेशसभामा सरकारको मतको लागि चाहिने सत्ता पक्ष र अन्य एक सिटे नागरिक उन्मुक्ति पार्टीले समर्थन दिने निर्णय गरेको थियो । त्यसअनुसार सरकोको विश्वासको लागि ठ्याक्कै ५४ पुगेको थियो ।

तर, नेकपा माओवादी केन्द्रका युवा सांसद रहबर अंसारीले समय माग्दै विद्रोह गरे । सबै दलका नेताका प्रतिनिधिले आफ्नो धारणा राखे । त्यसपछि अंसारीले सभामुख रामचन्द्र मण्डलसँग समय मागे । सभामुखले ३ मिनेटको समय दिए । अंसारी पोडिएममा पुगेर सबै दल र सांसदको परीक्षण भइसकेपछि अब नैतिक धरातल सकिएको उद्घोष गरे । सरकार यहाँको सांसदले नभएर केन्द्रले बनाएको भन्दै उनले विश्वासको मत नदिने पनि घोषणा गरे । सभामुखले माइक काटेपछि उनले आफैसँग लगेको मोसो आफ्नै अनुहारमा दले । र माइक काटेपनि सदन, सरकार भ्रष्टाचारको विषय उठाएर बोलिरहे ।

यसपछि माओवादी केन्द्रकै सांसद माला कर्णले सदनमै उठेर आफू मुख्यमन्त्रीलाई विश्वासको मत नदिने घोषणा गरिन्। त्यसलगतै विश्वासको मत दिन मुख्यमन्त्री सोनलले प्रस्ताव गरे। मत विभाजन गरी विश्वासको मत लिने प्रक्रिया सुरु गर्न खोज्दा त्यस बेला नै नेकपा एमाले संसदीय दलका नेता सरोज कुमार यादव र जसपा नेपालकी नेतृ सुरिता सिंहबीच सदनमै नोकभोक भए । यसपछि मतविभाजन प्रक्रिया केहीबेरका लागि सभामुख मण्डलले सारे।

मुख्यमन्त्री सोनललाई विश्वासको मत पाउन संकट देखियो । उनले सभामुखसँग केही समयमा मागेर सत्ता दलमा छलफल गरे । सकभर माओवादी केन्द्रका विद्रोही सांसद अंसारी र कर्णलाई मनाउने प्रयास गरे । तर प्रयास विफल भयो। कर्ण मान्ने जस्तो भएपनि अंसारीले कुनैपनि हालतमा आफूले नदिने अडान लिए। सत्तापक्षमा छलफल चलिरहँदा सभामुखले मतविभाजनको लागि साढे ५ बजे पुनः बैठक अघि बढाए। तर प्रतिपक्ष एमाले र कांग्रेसका सांसद मात्र उपस्थित थिए । ठुला दललाई देखाइ दिने निहुँमा राजनीतिक अस्थिरताले मलजल पाउनु प्रणालीलाई कमजोर बनाउने काम हो।ठुलो दलले नजाने हुने अवस्था आउनु बिडम्वना हो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# बागलुङको च्वावीरमा पिकअप जीप दुर्घटना हुँदा एकको मृत्यु

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ कार्तिक

बागलुङको ढोरपाटनमा पिकअप जीप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् । बुर्तिबाङबाट ढोरपाटन जाँदै गरेको ग ३ च ३८१९ नम्बरको पिकअप ढोरपाटन नगरपालिकाङ ८ र ९ को सिमाना च्वावीरमा आज दुर्घटना भएको हो ।

दुर्घटनामा ढोरपाटन -७ का २३ वर्षीय राजेन्द्र अदैको मृत्यु भएको ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले जानकारी दिनुभयो । घाइतेमध्य एक जनाको अवस्था गम्भीर रहेको उहाँको भनाइ छ। चारै जना घाइते पहिचान नभएको बताइएको छ ।

जीप सडकबाट भूजीखोलामा खसेको उपप्रमुख कायतको भनाइ छ । घाइतेको स्थानीय र नेपाल प्रहरीले उद्धार गरी बुर्तिबाङ अस्पतालमा पठाएको थिए । उहाँले भन्नुभयो, "ढोरपाटन जाँदै गरेको पिकअप रहेछ, अचनाक दुर्घटना भएपछि स्थानीयले खबर गरे, अहिले म घटनास्थलमै छु, एक जनालाई गाडीले च्यापेको अवस्थामा निकाल्यौं, एक जना बाहेक अन्यको अवस्था सामान्य छ।"

# दुर्गम गाउँको विद्यालयमा स्मार्टबोर्ड खरिद गर्न आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ कात्तिक

म्याग्दीको रघुगङ्गा गाउँपालिका-८ कुइनेमङ्गलेको दुलेखर्कमा अवस्थित रितुङ्ग माध्यमिक विद्यालयमा स्मार्ट बोर्ड खरिदका लागि रु दुई लाख सहयोग प्राप्त भएको छ।

मङ्गलेखानी बस्तीका दिवङ्गत देविप्रसाद छन्त्यालको स्मृतिमा उहाँका घरपरिवार र आफन्तजनले विद्यालयमा स्मार्ट बोर्ड खरिदका लागि उक्त सहयोग गर्नुभएको हो । गाउँपालिकाको सबैभन्दा दुर्गम ठाउँको विद्यालयको रुपमा परिचित यस विद्यालयमा शिक्षण सिकाईमा आधुनिक सूचना प्रविधिको उपयोगका लागि स्मार्ट बोर्ड खरिद गर्न लागिएको हो ।

शुक्रवार विद्यालयमा आयोजित एक कार्यक्रमकाबीच दिवङ्गत छन्त्यालका छोरी प्रेमकुमारी छन्त्याल र नातिनी बुहारी गिता फगामी छन्त्यालले विद्यालयका प्रधानध्यापक खिमबहादुर छन्त्याल र कार्यबहाक अध्यक्ष पदमबहादुर छन्त्याललाई उक्त सहयोग रकम हस्तान्तरण गर्नुभएको थियो । भौगोलिक रूपमा विकटता रहेको यस विद्यालयमा सूचना तथा सञ्चार र प्रविधिमैत्री पठनपाठनका लागि उक्त सहयोग गरिएको विद्यालयका पूर्वशिक्षकसमेत रहनुभएका सहयोगदाता गीता फगामी छन्त्यालले बताउनुभयो । उक्त अवसरमाविद्यालयलेसहयोगदातालाई फुल माला र अविर लगाएर सम्मानसमेत गरेको विद्यालयका शिक्षक याम घर्तिमिरेले जानकारी दिनुभयो ।

# तनहुँमा दैनिक ४० राहदानी वितरण

**पोखरापत्र संवाददाता**
दमौली, २२ कात्तिक

जिल्ला प्रशासन कार्यालय तनहुँले आजदेखि दैनिक ४० वटा राहदानीको कोटा निर्धारण गरेको छ।

कार्यालयमा हाल राहदानी विभागबाट एक वटामात्र स्टेशन प्राप्त भएको र सोही एक स्टेशनमार्फत् सेवा प्रवाह भइरहेकाले आज बिहान १० :३० बजेदेखि (प्रत्येक शुक्रबार) प्रत्येक हप्ताका लागि ४० वटाको सङ्ख्यामा राहदानीका लागि अनलाइन कोटा खोलिएको कार्यालयले जनाएको छ। जेनजी आन्दोलनका क्रममा कार्यालयमा भएको तोडफोड र आगजनीका कारण राहदानी शाखामा भएका विद्युतीय राहदानी सेवा सम्बन्धी सम्पूर्ण सामग्री जलेर नष्ट भएको थियो । राहदानी विभागबाट एकवटा मात्रै स्टेशन प्राप्त भएको र सेवाग्राहीको चाप उच्च रहेकाले विद्युतीय राहदानीका लागि आवेदन प्रविष्टि, प्रमाणित र वितरणका लागि कोटा निर्धारण गरिएको प्रशासकीय अधिकृत विकास श्रेष्ठले जानकारी दिनुभयो । राहदानीको विषयमा अनाधिकृत व्यक्तिको भर नपर्न र त्यस्ता व्यक्तिहरूबाट हुनसक्ने ठगीबाट सावधान रहन कार्यालयले आग्रह गरेको छ।

विद्युतीय राहदानी आपूर्तिका लागि नयाँ आपूर्तिकर्तासँग भएको सम्झौता अनुसार आगामी फागुन ११ बाट राहदानी पुस्तिका सहज आपूर्ति हुने हुँदा अर्को सूचना नभएसम्मका लागि अत्यावश्यक पर्ने सेवाग्राहीहरूले मात्र राहदानीका लागि आवेदन गर्न राहदानी विभागले सूचना जारी गरेको छ।

# नेपाल दक्षिण अफ्रिकासँग पराजित

**रासस**
काठमाडौं, २२ कात्तिक

हङकङमा जारी हङकङ सिक्सेस क्रिकेट प्रतियोगितामा नेपाल दक्षिण अफ्रिकासँग ४ विकेटले पराजित भएको छ।

जितको लागि नेपालले दिएको ५९ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाले ३.४ ओभरमा २ विकेट गुमाएर पूरा गऱ्यो । उसका लागि ब्लेक सिम्पसनले सर्वाधिक अविजित ३० रन बनाए। यता नेपालका लागि लोकेश बमले २ विकेट लिए। त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपाल ३.३ ओभरमा ५८ रनमा अलआउट भएको थियो । नेपालका लागि राशिद खानले सर्वाधिक १६ रन बनाए। लोकेश बमले १४ तथा आदिल आलमले १३ रन बनाए।

दक्षिण अफ्रिकाका अब्दुल्लाह बायोमी, ब्लेक सिम्पसन र जोरिक भान साकवायकले समान २-२ विकेट लिए। यससँगै नेपालले प्रतियोगितामा लगातार दोस्रो हार बेहोरेको छ । यसअघि नेपाल पहिलो खेलमा अफगानिस्तानसँग पराजित भएको थियो।

# कमलपोखरी सहकारीको १७ औ साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ कात्तिक




पोखरा महानगरपालिका वडा न १३ बाँझापाटन स्थित कमलपोखरी बचत तथा ऋण सहकारी संस्थाको १७ औ बार्षिक साधारण सभा शनिवार सम्पन्न भयो ।

संस्थाका कोषाध्यक्ष रमेश राज पौडेललाई व्यबस्थापक नहुँदा राम्रो संग कार्यलय सञ्चालन गरेकोमा बिशेष सम्मान गरिएको थियो। त्यसैगरी सहकारीमा असल कारोबार गर्ने कल्पना वराल, बिन्दु वराललाई पनि सम्मान गरियो । कार्यक्रममा अध्यक्ष माधवप्रसाद आचार्यको प्रतिबेदन, सचिब कुमार केसीको प्रतिबेदन, कोषाध्यक्ष रमेशराज पौडेलको प्रतिबेदन र लेखा सुपरिबेक्षण समितिका संयोजक किरण सिग्देलको प्रतिबेदन सर्बसम्मत पारित भयो । कार्यक्रममा प्रमुख अतिथि संस्थाका पुर्व अध्यक्ष एवं सल्लाहकार गोबिन्द आचार्यले सभाको उद्घाटन गरेका थिए। कार्यक्रममा संस्थाका उपाध्यक्ष ईन्द्र बहादुर कुबरले स्वागत र संस्थाका सल्लहकार टुवराज बास्तोलाले सहकारीका नियमवारे जानकारी गराएका थिए । व्यबस्थापक बद्रिनाथ पोख्रेल धन्यवाद व्यक्त गरेको कार्यक्रममा संञ्चालन सचिब कुमार केसीले गरेका थिए।

शिक्षा उपसमितिका सदस्य सारदा सिग्देलले सात सिद्धान्त वाचन गरेकी थिइन् । उता एसइइ, दशजोड दुई, स्नातक तह र स्नातकोत्तर तह उर्तिणा शेयर सदस्यका छोराछोरीहरुलाई शिक्षा उपसमितिका संयोजक गोविन्द गौतमले पनि सम्मान गरेका थिए।

# कृषकहरु धान भित्र्याउन ब्यस्त

**पोखरापत्र संवाददाता**
पोखरा, २२ कात्तिक



लगातारको झरी रोकिएपछि मौसममा आएको सुधारसँगै स्याङ्जाका कृषक धान भित्र्याउन ब्यस्त भएका छन् । केही दिनअघि लगातार परेको वर्षाका कारण काटेर खेतमा सुकाएको धान भिजाएको थियो भने काट्न तयार भएको धान झर्ने अवस्थामा पुगेको थियो ।

बङ्गालको खाडीबाट विकसित 'मोन्था' चक्रवातको कारणले भएको वर्षाले पाकेको धान भित्र्याउन नपाएपछि किसान मर्कामा परेका थिए । पछिल्लो हप्ताबाट मौसममा सुधार आएसँगै पानीले भिजेको धानलाई भित्र्याउन र नकाटेको धान काट्न कृषकहरु ब्यस्त भएका हुन् ।

पुतलीबजार नगरपालिका-१० का कृषक चण्डी भण्डारीले भिजेको धानको पराल कामै नलाग्ने गरी कुहिएको बताए। 'झण्डै एक हप्ता परेको वर्षाले भिजेको धान कालो भएको छ ।' उनले भने, ' भिजेको धानको चामल कस्तो हुन्छ, पछिनै थाहा होला तर पराल भने कामै नलाग्ने अवस्थामा पुगेको छ ।' परम्परागत धान लगाउनेको तुलनामा हाइब्रिड (विकासे) धान लगाउने कृषक धैरै मर्कामा परेका छन् । आफूहरुले लगाएको विकासे धानमा टुसा पलाउने अवस्थामा पुगेको उनीहरुले बताए । छिमेकीले लगाएको परम्परागत धानको अवस्था सामान्य भएपनि काटेर सुकाएको विकासे धानमा टुसा पलाउने अवस्थामा पुगेको उनीहरुको भनाई छ । मौसममा आएको बदलीले अझै पनि पानी पर्ने हो कि भन्ने त्रासमा आफूहरु रहेको भन्दै चापाकोटका स्थानीय कृषक दिपक पौडेलले काट्दा पाकेको धान भिज्ने होकी भन्ने डर, नकाट्दा झरेर सकिने होकी भन्ने त्रास । जिल्लाका अधिकांश कृषकले काटेको धान भित्र्याउने र धान काट्ने काममा ब्यस्त भएको जिल्ला कृषि ज्ञान केन्द्र स्याङ्जाले जनाएको छ। जिल्लाका ११ वटै पालिकामा धान बाली लगाइने गरिएको छ । आँधीखोला किनार, कालीगण्डकी नदी किनार, ज्याग्दीखोला किनार, चापाकोटटार, रत्नपुर, कुवाकोट, गल्याङ क्षेत्र, सेतीदोभान फाँट, बिरुवा फाँट, लामागे, डौवा, वयरधारी, ठूलीबेशी लगाएतका फाँटहरु धान खेतीका लागि उर्वर क्षेत्र हुन । स्याङ्जामा करिब १४ हजार हेक्टर जमिनमा सावित्री, मन्सुरी, रामधान, हाईब्रिड प्रकृतिका साथै केही उन्नत जातको धान खेती गरिदै आएको केन्द्रले जनाएको छ। उन्नत धानसँगै केहि स्थानीय कृषकले रैथाने जातका धान पनि रोप्ने गरेको केन्द्रले जनाएको छ।

"पर्यटन सहकारी–उत्पादन र स्वरोजगारी"

**केभ सिटि पर्यटन सहकारी संस्था लि.**

**पोखरा-१६, बाटुलेचौर, कास्की**

**ऋण तिर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना !**

यस केभ सिटि पर्यटन सहकारी संस्था लि. को मिति २०८२/०६/२६ गते बसेको संचालक समितिको बैठकबाट निर्णय भए अनुसार सहकारी सस्थाबाट विभिन्न मिति समय र शीर्षकमा तोकिए बमोजिमको प्रयोजनका लागि यस संस्थाका शेयर सदस्यहरुले संस्थाको नियम अनुसार किस्ता तथा ब्याज तोकिएको समयमै बुझाउने शर्तमा ऋण उपभोग गर्नुभएको यहाँहरुलाई अवगत नै छ। तर केहि ऋणी शेयर सदस्यहरुले शर्त बमोजिमको किस्ता तथा ब्याज नतिर्ने फोन सम्पर्कमा पनि नआउने र आलटाल गरि बसेको पाइएकोले ऋण चुक्ता गर्ने आउने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सस्थालाई बुझाउनुपर्ने ऋणको साँवा र ब्याज रकम बुझाउनुहुन सम्बन्धित ऋणी सदस्यहरुलाई अनुरोध छ। पुनश्चः धन जवानी तथा साँक्षी बस्ने व्यक्तिहरुलाई पनि आवश्यक पहल गरिदिनुहुन अनुरोध छ।

तोकिएको अवधिभित्र पनि आलटाल गरि साँवा र ब्याज रकम बुझाउन नआएमा सहकारी ऐन तथा प्रचलित कानुन बमोजिम ऋणीलाई थप कारवाही गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**अध्यक्ष**
**केभ सिटि पर्यटन सहकारी संस्था लि.**

# झोलुङ्गे पुल अवलोकन गर्ने विदेशीको सख्यामा वृद्धि

पोखरापत्र संवाददाता
स्याङ्जा, २२ कात्तिक



स्याङ्जा जिल्लाकै अग्लो र लामो झोलुङ्गे पुल अवलोकनमा पुग्ने विदेशी पर्यटकको संख्यामा वृद्धि हुँदै गएको छ । गल्याङ नगरपालिका-८ र ७ जोड्ने चिउरीस्थित आँधीखोला माथिको तीन सय ६८ मिटर लामो र १९० मिटर अग्लो झोलुङ्गे पुल अवलोकन गर्न आउने पर्यटकको संख्या दिनानुदिन वृद्धि हुँदै गएको हो ।

अघिल्ला वर्षहरुमा गर्मीयाममा पुग्ने पर्यटक चालु वर्षमा निरन्तर अवलोकनका लागि आउने गरेका हुन् । पोखरा घुम्न, मुक्तिनाथ हुँदै पशुपतिनाथको दर्शनका लागि आउने भारतीय पर्यटकहरु भैरहवा हुँदै पोखरा जाने क्रममा सिद्धार्थ राजमार्गसँगै जोडिएको झोलुङ्गे पुल अवलोकन गर्ने गरेका छन् । भारतीय पर्यटकका लागि पोखरा र मुक्तिनाथ पुग्न सिद्धार्थ राजमार्ग सबैभन्दा सजिलो र छोटो पहाडी राजमार्ग हो । राजमार्गको छेवैमा भएकाले पनि घुम्न र दर्शन गर्न हिँडेका भारतीय पर्यटक चिउरीको झोलुङ्गे पुलको अवलोकन गर्ने गरेको स्थानीय बुद्धिसागर भण्डारीले बताए । दैनिक रुपमा भारतीय नं.का ४०/४५ वटा सवारीका पर्यटकले पुल अवलोकन गर्दै आएको भण्डारीले जनाए ।

थाईल्याण्ड, चीन, जापान, कोरिया, भियतनाम, अमेरिका र जर्मनी लगायतका मुलुकबाट लुम्बिनी जाने पर्यटकले समेत झोलुङ्गे पुल अवलोकन गर्दै आएका छन् । काठमाडौं हुँदै पोखरा घुम्न आएका विदेशी पर्यटकहरु गौतमबुद्ध जन्मस्थल लुम्बिनी पुग्न सिद्धार्थ राजमार्ग नै प्रयोग गर्छन् । अघिल्ला वर्षको तुलनामा यो वर्ष विदेशी र धेरै भारतीय पर्यटकले झोलुङ्गे पुल अवलोकन गरेका छन् ।

नेपाल-भारत सिमाना सुनौलीबाट बुटवल, पाल्पा हुँदै पोखरा घुम्न र मुक्तिनाथ दर्शन गर्न जाने अधिकांश भारतीय पर्यटकका सवारी अग्लो र लामो झोलुङ्गे पुल हेर्न चिउरीमा रोकिने गरेको गल्याङ-८ का पूर्व वडाध्यक्ष भेकबहादुर श्रेष्ठले बताए । 'तीन वर्षअघि बनेको पुलमा फोटो खिच्ने र टिकटक बनाउने आन्तरिक पर्यटकको अत्यधिक चाप थियो ।' श्रेष्ठले भने, 'पछिल्लो सयम पुल हेर्न आउने आन्तरिक पर्यटक घटेपनि विदेशी पर्यटकको संख्यामा वृद्धि हुँदै गएको छ ।' गल्याङ नगरपालिका-७ पेलाकोटस्थित केदारनाथ मन्दिरमा पूजाआजा र दर्शनका लागि जाने तीर्थयात्रीलाई पुलले सहज बनाएको भण्डारीले बताए । चिउरीबाट पुल पारिपट्टीको केदारनाथ मन्दिर पुग्न धार्मिक पर्यटनलाई पुल सजिलो माध्यम बनेको छ । पुल नबन्दै मन्दिर पुग्नै दुई घण्टा लाग्ने बाटो आधा घण्टामा छोट्टिएसँगै मन्दिर दर्शनार्थीको संख्यामा वृद्धि भएको भण्डारीले सुनाए । पर्यटकका लागि मनोरञ्जनको माध्यम मात्र नभएर झोलुङ्गे पुल स्थानीयस्तरमा उत्पादित वस्तुको बजारीकरणका लागि सहज भएको स्थानीयले बताए । पेलाकोट क्षेत्रमा उत्पादित कृषिजन्य वस्तु चिउरीबाट नजिकैको वालिङ बजारमा निर्यात गर्न सहज बनेको छ । झोलुङ्गे पुल अवलोकन गर्ने पर्यटकको संख्या बढेपछि चिउरीमा पार्किङ र पुलसम्मको बाटोमा आउजाउ गर्न सुरक्षित बनाउन रेलिङसहितको पदमार्ग निर्माण गरिएको गल्याङ नगरपालिकाका नगरप्रमुख गुरुप्रसाद भट्टराईले जानकारी दिए । पुल बनेपछि पर्यटकको संख्यामा वृद्धि भएसँगै स्थानीयलाई खाद्यान्न ढुवानीमा सहज बनेको नगरप्रमुख भट्टराईले बताए । उक्त झोलुङ्गे पुल गण्डकी प्रदेश सरकारको एक करोड ८३ लाखमा निर्माण भएको हो । सिद्धार्थ राजमार्ग भएर हिड्ने भारतीय र अन्य देशका पर्यटकहरुले राजमार्ग छेउका पर्यटकीय स्थलहरुको अवलोकन गर्दै यात्रा गर्ने गरेका छन् । राजमार्ग भएर हिड्ने अधिकांश पर्यटकहरु खासगरी कुभिण्डेबाट हिमाल दृश्यावलोकन, भालु पहाडको मनोरम स्थल, गुढीखोलामा चम्पादेबी आश्रम, छाङ्छाङ्दीको छायाँक्षेत्र शिव मन्दिर र राम्दीको आश्रममा दर्शन र अवलोकन गर्दै आएको मन्दिर व्यवस्थापन समितिका पदाधिकारीले जनाएका छन् । पछिल्ला दिनहरुमा सिद्धार्थ राजमार्ग भएर गुड्ने भारतीय नं. प्लेटका मोटरसाईकल, कार, भ्यान र बस समेतका साधनको चाप बढ्दै गएको जिल्लास्थित ट्राफिक प्रहरीले जनाएको छ । बुटवलबाट पाल्पा-स्याङ्जा हुँदै पोखरातर्फ र पोखराबाट स्याङ्जा-पाल्पा हुँदै बुटवलतर्फ आउजाउ गर्ने भारतीय नं. प्लेटका झण्डै ३ सय सवारी साधनहरु दैनिक रुपमा राजमार्गमा गुड्ने गरेको तथ्याङ्क प्रहरीसँग छ ।

# अमर ज्योतिको स्वर्ण जयन्तीको अवसरमा महायज्ञ गरिने

पोखरापत्र संवाददाता
पोखरा, २२ कात्तिक



पोखरा महानगरपालिका वडानं १३, आर्वा स्थित श्री अमरज्योति आधारभुत विद्यालय, अमलाचौरमा स्वर्ण जयन्तीको अवसर पारेर महायज्ञ गरिने भएको छ ।

विद्यालयको ५०औं वार्षिकोत्सव एवं स्वर्ण जयन्तीको अवसर पारेर आज आयोजना गरिएको बृहत्त भेलामा आगामी माघ १७ देखि २३ गते सम्म सातदिने महायज्ञ गर्ने निर्णय गरिएको हो । स्वर्ण महोत्सवका अवसरमा महायज्ञ सहित अन्य शैक्षिक, सामाजिक लगायत विविध कार्यक्रमहरु पनि गरिने विद्यालयका प्रधानाध्यापक बिमलबहादुर बरालले जानकारी दिए । स्वर्ण महोत्सव तथा महायज्ञ कार्यक्रमलाई भब्य रूपमा मनाउन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद बराल संयोजक तथा प्रधानाध्यापक बिमलबहादुर बराल सदस्य सचिव रहेको एकसय नौं सदस्यिय मुल आयोजक समिति गठन गरिएको छ । मुल आयोजक समितिमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्षहरु, छिमेकी विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, वडानं १३मा रहेका सबै टोल बिकाश संस्था, आमा समुह, युवा क्लव, मठमन्दिरका समितिहरु, शिक्षक, विद्यार्थी, भुपु विद्यार्थी, अभिवावक, शिक्षाप्रेमी , बुद्धिजिवीहरुको प्रतिनिधित्व रहने छ भने एक सचिवालय समिति पनि बनाईने छ ।

स्वर्ण महोत्सव तथा महायज्ञ सफल पार्न बिभिन्न उपसमितिहरु गठन गरी कार्य विभाजन गरिएको छ जसमध्ये अर्थ संकलनमा हरिबहादुर बराल , पूजा ब्यवस्थापनमा पदमराज बराल, पण्डीत व्यवस्थापनमा राजेन्द्रप्रसाद बराल, अतिथि सत्कारमा तारा बराल, प्रचार प्रसारमा श्रीराम सिग्देल, सम्मान समन्वयमा ऋषीराम सिग्देल, सुरक्षा व्यवस्थापनमा रामबहादुर अधिकारी, युवा तथा भूपू विद्यार्थी समन्वयमा ई. प्रताप बराल, भजन वाध्यवादनमा महेन्द्रबहादुर बराल, सामाजिक सञ्जाल तथा विदेश विभाग समन्वयमा विजय कुँवर संयोजक रहेका बिभिन्न उपसमितिहरु पनि गठन गरिएका छन् । २०३२ सालमा स्थापना भएको यो विद्यालयमा कक्षा पाँच सम्म पढाई भईरहेकोमा स्वर्ण महोत्सव पछी कक्षा आठ सम्म पुर्‍याउने लक्ष्य राखिएको छ । तेस्तै विद्यालयको शैक्षिक तथा भौतिक स्तर उकास्ने, विद्यालयमा स्वर्ण जयन्ती स्वागत द्वार निर्माण, सरास्वतीको मन्दिर बनाउनुका साथै खेलकुद मैदान स्तरोन्नती गर्ने पवित्र उद्देश्यहरु राखिएको छ ।

# म्याग्दीमा सडक पूर्वाधार सम्बन्धी ३२ योजना सञ्चालन

पोखरापत्र संवाददाता
म्याग्दी, २२ कात्तिक

गण्डकी प्रदेश सरकारले म्याग्दीमा चालु आर्थिक वर्ष २०८२/०८३ मा सडक पूर्वाधार सम्बन्धी ३२ योजना सञ्चालन गर्ने भएको छ ।

पूर्वाधार विकास कार्यालय म्याग्दी मार्फत कार्यान्वयन हुने सडक स्तरोन्नति, मोटरेबल र झोलुङ्गे पुल निर्माण सम्बन्धी योजनाका लागि प्रदेश सरकारले रु. ६२ करोड बजेट बिनियोजन गरेको छ । क्रमागत १७ योजनाका लागि रु. ५२ करोड र नयाँ १५ वटा योजनाका लागि रु. १० करोड बजेट प्राप्त भएको पूर्वाधार विकास कार्यालयका प्रमुख बिष्णु पौडेलले जानकारी दिनुभयो । यसअघिका बर्षमा ठेक्का सम्झौता भएका क्रमागत योजनाका निर्माण ब्यवसायीहरू बर्खा र चाडपर्व सकिएपछि काममा फर्कन थालेका तथा नयाँ सालबसाली योजना कार्यान्वयनका लागि ठेक्का आव्हानका लागि सर्वेक्षण र लागत अनुमानको काम भैरहेको उहाँले बताउनुभयो । धवलागिरि, मालिका र मङ्गला गाउँपालिका समेटिएको प्रदेशसभाको क्षेत्र १(ख)का १८ योजनाका लागि रु. ४७ करोड र बेनी नगरपालिका, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिका समेटिएको निर्वाचन क्षेत्र १(क) का १४ योजनाका लागि रु. १४ करोड ६२ लाख बजेट प्राप्त भएको छ । सङ्घीय र प्रदेश सरकारको लागत साझेदारीमा गत वर्ष ठेक्का सम्झौता र यस वर्ष रु. २३ करोड २२ लाख बजेट बिनियोजन भएको दरवाङ-ताकम-शिवाङ-मुना-जलजला-ढोरपाटन सडक प्रदेश सरकार मार्फत म्याग्दीमा सञ्चालित सबैभन्दा ठूलो योजना हो ।

बिम-मराङ-मल्कवाङ-पाखापानी, जैसीखोर-खहरेखोला-रिसिन चौतारी हुँदै बैसरी सडक स्तरोन्नति र फापरखेत पहिरोको वैकल्पिक मार्गमा पर्ने म्याग्दीखोलामा बेलिब्रिज निर्माणका लागि रु एक/एक करोड बजेट बिनियोजन भएको छ । म्याग्दी १(ख) बाट निर्वाचित प्रदेशसभा सदस्य रेशम बहादुर जुग्जाली (सुविन)ले धवलागिरि गाउँपालिका-१ को गुर्जालाई सडक सञ्जालले जोड्ने लक्ष्य सहित प्रदेशबाट रु ५० लाख बिनियोजन भएको जानकारी दिनुभयो । सङ्घीय, प्रदेश सरकार, गाउँपालिका र समुदायको साझेदारीमा विकट गुर्जालाई यो वर्ष सडक सञ्जालमा जोडिने उहाँले बताउनुभयो । मङ्गला गाउँपालिका-१ को तुसारेपानी-कुहुँ, गैराखेत-मालिका मन्दिर र दरवाङ-लामेला-अल्काचौर, दूधखोला-तोलावाङ र सराग्दी सडकका लागि रु ५०/५० लाख र मालिका गाँउपालिकको खतेन-ओखरबोट झोलुङ्गे पुललाई रु ३० लाख बजेट बिनियोजन भएको छ । घारखोला-नेपाने र तिप्ल्याङ-बादुक बाख्रेनी डिल देखि धुपीचौर सडक रघुगंगा-२ र बगैचा रानीपौवा रिसिन चौतारी हुँदै बेगखोला जोड्ने सडक र रघुगङ्गा -१ को टोल नम्बर २ को ढल निकास योजनाका लागि रु ५०/५० लाख बजेट बिनियोजन भएको म्याग्दी १(क) बाट निर्वाचित प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले बताउनुभयो ।

ग्रामिण सडकहरूलाई ग्राभेल, ढलान र कालोपत्र गरेर स्तरोन्नति गर्न योजनाहरू सञ्चालन भएको उहाँले बताउनुभयो । सडक स्तारोन्नति भएपछि ग्रामिण क्षेत्रमा यातायातको सहज पहुँच बढ्ने र बसाईसराई घट्ने अपेक्षा गरिएको छ । अन्नपूर्ण-५ पाउद्धारदेखि कुरिलाबगर हुँदै वडा नं ६ बिरौटासम्म सहिद सुरेश शेरपुजा र हिरालाल फगामी स्मृति मोटरबाटो र दोबा-भिरकाटे सडक, ज्ञानप्रकाश मावि देखि कोट खलंगा- हुँदै ठारा, भगवती-डाडाबारी-पिप्ले एकघरे सडक, कोटगाउँ-रायखोर-घ्यासीखर्क र पाखापानी- कालावाङ -ठाडाखानी र ठूलोगैरा - खबरा-बन्चरेढुंगा-भकुण्डे र आनन्दबगर-लामबगर - ढोडेनी सडकका लागि रु ५०/५० लाख बजेट बिनियोजन भएको छ ।

बेनी-दरवाङ-कल्लेनी-ताकम-मुना-जलजला, दरवाङ-अदिभारा-डाडागाउँ-सोले-तमान-बुर्तीवाङ, पखेर बरंजा ३ र ४ हुँदै महेश धापुङ ताराखोला गापा जोड्ने सडक, दरवाङ- मुना- ढोरपाटन, दरवाङ-बिम-दिच्याम, दरखोला सडक पुल, शिवरात्री खोला सडक पुल, रुम देखि ताराखोला जोड्ने सडक, दाङखोला पुल र साँवता थापाचौर झोलुङ्गे पुल निर्वाचन क्षेत्र १(ख) का क्रमागत बहुबर्षीय योजनाहरू हुन् । निर्वाचन क्षेत्र १(क) मा बेनी-तोरीपानी, हाँडेभिर-बगरफाँट -दूधेखोला- हल्लेगौडा- डोलेमुसुङ, गलेश्वर-पिप्ले - भगवति, गलेश्वर-पुलाश्रम, चित्रे- घोडेपानी, भगवति-सिजलगाउँ-बेग जोड्ने क्रमागत बहुबर्षीय सडक निर्माणाधिन छन् ।

# तनहुँमा पहिलो पटक बालबालिकालाई 'स्वर्णविन्दु प्राशन'

पोखरापत्र संवाददाता
दमौली, २२ कात्तिक

तनहुँमा पहिलो पटक बालबालिकालाई 'स्वर्णविन्दु प्राशन' गराइने भएको छ । जिल्लाका एक वर्षदेखि पाँच वर्षमुनिका बालबालिकालाई स्वर्णविन्दु प्राशन गराउन लागिएको हो ।

नेपाल सरकारको कार्यक्रमअनुसार गण्डकी प्रदेशको बागलुङस्थित धौलागिरी प्रादेशिक आर्युर्वेद चिकित्सालय, तनहुँको प्रदेश आयुर्वेद चिकित्सकालय, कास्कीको गण्डकी आयुर्वेद अस्पताल र गण्डकी प्रदेश सरकारले नवलपुरको प्रदेश आयुर्वेद चिकित्सालयबाट पाइलट कार्यक्रमका रूपमा स्वर्णविन्दु प्राशन खुवाउने कार्यक्रम सुरु गर्न लागेको प्रदेश आयुर्वेद चिकित्सकालय तनहुँका प्रमुख डा नारायण श्रेष्ठले जानकारी दिनुभयो । तनहुँमा यही कात्तिक २५ गते बालबालिकालाई स्वर्णविन्दु प्राशन खुवाउने उहाँले जानकारी दिनुभयो । अस्पतालमा बिहान ७ बजेदेखि १० बजेसम्म बालबालिकालाई स्वर्णविन्दु प्राशन खुवाइनेछ । जिल्लामा पहिलो पटक भएकाले कति बालबालिकालाई खुवाइन्छ भन्ने एकिन नभएकाले यो पटक आउने सङ्ख्याले आगामी दिनमा सहज हुने उहाँको भनाइ छ । नेपालका २५ वटा जिल्लामा यस वर्षबाट स्वर्णविन्दु प्राशन खुवाउने कार्यक्रम सुरु भएको बताउँदै उहाँले प्रत्येक कुशे नक्षत्रको समय पारेर बालबालिकालाई स्वर्णविन्दु प्राशन खुवाइने उल्लेख गर्नुभयो ।

श्रेष्ठका अनुसार स्वर्णविन्दु प्राशन यही कात्तिक २५ गते, मङ्सिर २२ गते, पुस २१ गते, माघ १८ गते, फागुन १६ गते, चैत १४ गते, वैशाख १०, जेठ ६ गते, असार ३ गते, साउन ९ गते, भदौ ५ गते र असोज २९ गते खुवाइनेछ । स्वर्णभष्म, घिउ र महको मात्रा मिलाएर स्वर्णविन्दु प्राशन बनाइने बताउँदै डा. श्रेष्ठले यो चिकित्सकको प्रत्यक्ष निगरानीमा खुवाइने जानकारी दिनुभयो । नेपाल सरकारले निर्माण गरेको कार्यविधि अनुसार एक वर्षदेखि दुई वर्षका बालबालिकालाई दुई थोपा र दुई वर्षमाथि पाँच वर्षका बालबालिकालाई चार थोपा प्रत्येक महिनाको कुशे नक्षत्रमा स्वर्णविन्दु प्राशन सेवन गराउने उहाँले बताउनुभयो । श्रेष्ठका अनुसार स्वर्णविन्दु प्राशनले बालबालिकाको उमेर अनुसारको तौल र उचाइ बढ्न सहयोग गर्ने, बौद्धिक क्षमता वृद्धि, रोगसँग लड्ने क्षमता वृद्धि गर्न सहयोग पुग्नेछ । उहाँले भन्नुभयो, "पहिलो पटक भएकाले कात्तिक २५ गते कतिजना बालबालिका आउँछन्, त्यसका आधारमा आगामी दिनका कार्यक्रम बन्नेछ ।"ज्वरो, अजीर्ण, झाडापखाला, आउँ, रुघाखोकी, एलर्जी भएका बालबालिकालाई भने यो खुवाउन नहुने श्रेष्ठको भनाइ छ ।

## सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३ रत्नेचौर अन्तर्गत बस्ने लोकेन्द्र पुन मगरको हकभोग तिरोभित्र एवम् निजको नाममा रहेकोको कित्ता नं. १५० को क्षेत्रफल १४७.५ वर्गमिटरको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पश्चिम तर्फ कि.नं. ७१ र उत्तर तर्फका सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १३ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

# लमजुङमा जिप दुर्घटना हुँदा दुईको मृत्यु

पोखरापत्र संवाददाता
लमजुङ, २२ कात्तिक

लमजुङमा जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ ।

गए राति मर्स्याङ्दी गाउँपालिका ३ खुदिबाट सोही पालिका ६ नाइचेमा हिडिखोला हाइड्रोपावरको लागि सिमेन्ट लिएर जाँदै गरेको बा८च ३७३१ नम्बरको बोलेरो जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय लमजुङले जनाएको छ । मृत्यु हुनेमा सो जिप चालक दोलखा मेलुङ ४ का ३० वर्षीय विनोद खड्का र २५ वर्षीय पारस खड्काको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सूचना अधिकारी ज्ञानेन्द्रबहादुर क्षेत्रीले बताउनुभयो । जिप अनयन्त्रित भएर सडकबाट ८०० मिटर तल खस्दा गम्भीर घाइते भएपछि प्रहरीले उनीहरूको उद्धार गरेको थियो । घाइतेहरूलाई बैंसीसहर नगरपालिका-८ स्थित प्रदेश अस्पताल बैंसीसहर लमजुङमा उपचारको लागि ल्याए पनि उपचारको क्रममा मृत्यु भएको उहाँको भनाइ छ । त्यस्तै सोही जिपमा सवार ताप्लेजुङ सिदीङ्वा गाउँपालिका ४ का २० वर्षीय उमेश लिम्बू भने सकुसल रहेको प्रहरीले जनाएको छ ।

# संगम साकोस र हाइकर्स क्लबको रक्तदान कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २२ कात्तिक



पोखरा-१५, रामबजारमा रहेको संगम बचत तथा ऋण सहकारी संस्था लि.को आयोजना तथा हाइकर्स क्लब नेपालको सहआयोजनामा शनिबार पोखरा न्यूरोडस्थित संगम सहकारीको सुगम सेवा केन्द्रको प्राङ्गणमा आयोजित रक्तदान कार्यक्रममा ३२ युनिट रगत संकलन गरिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि गण्डकी मेडिकल कलेजका एशोसियट प्रोफेसर डा. हरिबहादुर केसीले पहिलो रक्तदाता पर्यटन व्यवसायी नितिन शेरचनलाई सहभागिताको प्रमाणपत्र प्रदान गरी कार्यक्रमको उद्घाटन गरेका थिए । उनले रक्तदान गर्नु भनेको सागको वोटबाट एक पात टिप्नु जस्तै भएकोले योग्य व्यक्तिले नियमित रक्तदान गर्न सुझाव दिएका थिए । सो अवसरमा संगम साकोसका सल्लाहकार संयोजक निरज थापाले संगम सहकारीले स्थापना काल देखि नै सामाजिक उत्तरदायित्य बहन गर्दै विभिन्न संघ संस्थाहरुसंग मिलेर कार्यक्रमहरु गर्दै आई रहेको वताए ।

हाइकर्स क्लब नेपालका अध्यक्ष कृष्ण रानाभाटले सहकारीसिंग सहआयोजकको भूमिका निर्वाह गर्न पाउँदा खुशि लागेको वताउदै आगामि दिनहरुमा पनि सहकार्य गर्न इच्छुक रहेको वताए । कार्यक्रममा राष्ट्रिय संगीतकर्मी संघ गण्डकी प्रदेश समितिका दितिय उपाध्यक्ष सागर कार्की, दरबारथोक टोलविकास संस्थाका अध्यक्ष मिलन केसी, चण्डिका आमा समुहकी अध्यक्ष विना श्रेष्ठ, सहकारीका लेखा संयोजक भोविन्द्र गिरी लगायतले वोलेका थिए । संगम साकोसका अध्यक्ष नबराज तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कार्यक्रम संयोजक तीलक थापाले र संचालन क्लबका सचिव मधु अधिकारीले गरेका थिए ।